## मिति २०७७।०८।१६ गतेको ९८ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १ :** अघिल्लो बैठकमा टेबल गरिएको बजार व्यवस्थापन,अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी नियमावली,२०७७ माथी आजको बैठकमा दफावार छलफल गरियो । छलफलमा उठेका राय सुझावहरुलाई समेटी संशोधन सहित स्वीकृत गर्ने ।

**निर्णय नं २ :**(क) यस नगरपालिकाको सिटि बसपार्क मिति २०७७।०८।१५ गते देखी संचालनमा आए सँगै केहि यातायात व्यवसायी, व्यक्ति, फर्म र निकायले बसपार्क संचालनका सम्बन्धमा विभिन्न माग राखेको विषय र यस बारे हाल भए गरेका व्यवस्थापकीय कार्यहरु बारे बैठकमा जानकारी गरियो । साथै नगरपालिकाको बसपार्क संचालन तथा व्यवस्थापन समितिलाई यस सम्बन्धमा स्थलगत अनुगमन गरी आवश्यक सहजिकरण गर्ने जिम्मेवारी प्रदान गर्ने ।

(ख) यस नगरपालिकाले चालु वर्ष २०७७।७८ मा नदीजन्य पदार्थको उत्खनन् बिक्रिवितरण तथा निकाशी शूल्क उठाउने कामको लागि मिति २०७७।०७।१४ गते (ठेक्का नम्बर BM/077.78/Revenue.01) ३० दिने विधुतीय बोलपत्र आह्वावान गरिएकोमा तोकिएको समय भित्र ११ वटा बोलपत्र दर्ता हुन आएकोमा रोयल विल्डर्स प्रा.लि. ३ सुर्खेतले रु.३ करोड १ लाख राखी कवोल अंक पेश गरेको नगरपालिकाको मूल्यांकन समितिबाट पेश भएको बोलपत्रलाई सार्वजनिक खरिद ऐन २०६३ बमोजिम ७ दिने आशयको लागि सूचना गरी ठेक्का बन्दोबस्त कार्य अघि बढाउने ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९८ मिति २०७७/०८/१६
को निर्णय प्रमाणित।

Scanned with CamScanner